सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
prabhu Bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक ४ ♦ २०८३ साल असोज १५ बिहिवार ♦ 1 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# जानकी मन्दिर विश्वसम्पदा सूचीमा पार्न समिति गठन, युनेस्कोमा प्रतिवेदन बुझाइने

**खबर दर्पण समाचारदाता**
**असोज १४ गते, बर्दिवास**

जनकपुरधामस्थित ऐतिहासिक तथा धार्मिक महत्वको जानकी मन्दिरलाई युनेस्कोको विश्व सांस्कृतिक सम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया अघि बढाउन सरोकारवालाले पहल थालेका छन् ।

जानकी मन्दिरको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा वास्तुकलाको महत्वलाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्दै यसको दीर्घकालीन संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया अघि बढाउन लागिएको हो ।

यसका साथै नेपाल सरकारले जानकी मन्दिरसहितको क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरिसकेको अवस्थामा उक्त निर्णयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयलाई समेत प्राथमिकतामा राखिएको छ ।



जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोजकुमार साहका अनुसार जानकी मन्दिर लाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक प्रक्रिया अघि बढाउन प्रारम्भिक प्रतिवेदन तयार पारिएको छ । उक्त प्रतिवेदनमाथि जनकपुर धामका समाजका अगुवा, विज्ञ तथा सरोकारवालासँग सुझाव संकलन गरी अन्तिम रूप दिने तयारी भइरहेको उनले बताए ।

उनका अनुसार अन्तिम प्रतिवेदन तयार भएपछि विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रियाका लागि युनेस्कोमा पेस गर्ने योजना छ । प्रतिवेदन तयार पार्ने कामका लागि नगरप्रमुखको संयोजकत्वमा समिति गठन गरिएको समेत उनले जानकारी दिए ।

नेपाल सरकारले गत भदौ १३ गते मन्त्रिपरिषद्बाट जानकी मन्दिरसहितको क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरेको अवस्थामा त्यसको कार्यान्वयन प्रक्रिया अघि बढाउनुपर्ने विषयमा पनि छलफल भएको छ ।

पुरातत्व क्षेत्रमा काम गरि सकेका रामबाबु दहालका अनुसार संरक्षित क्षेत्रको चार किल्लाभित्र पर्ने मठमन्दिर, सरोवर तथा अन्य ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको सर्वेक्षण गर्नुपर्ने आवश्यकता छ ।

उनका अनुसार संरक्षित क्षेत्र घोषणा गर्नु मात्र पर्याप्त नभई त्यसको प्रभावकारी कार्यान्वयनका लागि क्षेत्रभित्र रहेका सम्पदाको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापनसम्बन्धी काम व्यवस्थित रूपमा अघि बढाउन आवश्यक छ ।

'संरक्षित क्षेत्रलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन सबै पक्षबीच समन्वय आवश्यक छ,' दहालले भने, 'चार किल्लाभित्र रहेका ऐतिहासिक तथा धार्मिक सम्पदाको सर्वेक्षण गरी त्यसको अवस्थाबारे अभिलेख तयार गर्नुपर्छ ।'

विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रियाका लागि जानकी मन्दिरको ऐतिहासिकता, धार्मिक महत्व, वास्तुकला, सांस्कृतिक परम्परा तथा यससँग जोडिएका विभिन्न पक्षको व्यवस्थित अभिलेखीकरण आवश्यक रहेको सरोकारवालाले बताए ।

छलफलका क्रममा मन्दिरको

बाँकी पृष्ठ ३ मा

# आलोचना बढेपछि विलासी सवारी खरिद प्रक्रियाबाट पछि हट्यो मधेस प्रदेश सरकार

**खबर दर्पण समाचारदाता**
**असोज १४ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले 'अति विशिष्ट व्यक्ति' (भीभीआईपी) का लागि साढे ३ करोड रुपैयाँ बराबरको विलासी चारपाङ्गे सवारीसाधन खरिद गर्न आह्वान गरेको बोलपत्र स्थगित गरेको छ ।

खरिद निर्णयको चौतर्फी आलोचना भएपछि प्रदेश सरकार उक्त प्रक्रियाबाट पछि हटेको हो ।

प्रदेशका श्रम तथा यातायात मन्त्री शारदादेवी थापाले मुलुकको विषम परिस्थितिमा गाडी खरिद गर्न लागेको भन्दै चर्को आलोचना भएपछि आफूले यो प्रक्रिया रोकिदिएको बताइन् । उनले भनिन्, 'मुख्यमन्त्री कार्यालयको निर्देशनअनुसार भीभीआईपीका लागि सवारीसाधन खरिद गर्न टेन्डर आह्वान गरिएको थियो । तर, यस्तो विषम परिस्थितिमा गाडी किन्नु कति जायज हुन्छ भनी धेरै ठाउँ र शुभचिन्तकहरूबाट प्रश्न उठ्यो । तत्कालका लागि त्यस्ता भीभीआईपी आउने सम्भावना पनि नरहेकाले यसको आवश्यकता देखिएन । त्यसैले बोलपत्र आह्वान भए पनि अब यो प्रक्रिया अघि नबढ्ने गरी रोकेका छौं ।'

मन्त्री थापाका अनुसार टेन्डर आह्वान हुनुअघि आफूलाई यसबारे पूर्वजानकारी थिएन । गाडीको औचित्यमाथि चौतर्फी प्रश्न उठेपछि र आफूलाई पनि यो समयसान्दर्भिक नलागेपछि मन्त्रालयका सचिवसँग बुझेर निर्णय भइनसकेको अवस्थामा प्रक्रिया रोकिएको उनले स्पष्ट पारिन् ।

देशको अवस्थालाई ध्यानमा राख्दै सरकारी खर्च कटौतीअन्तर्गत नयाँ सवारीसाधन खरिदमा रोक लगाइएको थियो । तर, त्यसका बाबजुद श्रम तथा यातायात मन्त्रालयले गत भदौ २५ गते भीभीआईपी प्रयोजनका लागि भन्दै ३ करोड ५० लाख रुपैयाँ लागतको विलासी गाडी खरिद गर्न बोलपत्र आह्वान गरेको थियो । सूचना प्रकाशित भएसँगै आर्थिक दबाब झेलिरहेको प्रदेश सरकारले एउटै गाडीमा करोडौँ रुपैयाँ खर्च गर्न लागेको भन्दै यसको औचित्यमाथि व्यापक प्रश्न उठ्न थालेको थियो ।

मुलुक प्राकृतिक प्रकोपको चपेटामा परेका बेला सामान्य प्रशासनिक कामभन्दा बाहिर गएर विशेष व्यक्तिको आवागमनका नाममा एउटै गाडीमा साढे ३ करोड रुपैयाँ खर्च गर्ने निर्णयले सरकारको खर्च प्राथमिकतामाथि गम्भीर प्रश्न खडा गरेको थियो । मुख्यमन्त्री कार्यालय आफैँले गर्न सक्ने टेन्डर श्रम तथा यातायात मन्त्रालयबाट किन गरियो भन्ने

बाँकी पृष्ठ ३ मा

# फरार रहेका ६ जना प्रतिवादी पक्राउ

**खबर दर्पण समाचारदाता**
**असोज १४ गते, बर्दिवास**

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ६ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जिल्ला अदालत धनुषाबाट फैसला भई कैद तथा जरिवाना सजाय तोकिएका उनीहरूलाई प्रहरीले खोजतलासका क्रममा पक्राउ गरेको हो ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा लागूऔषध मुद्दाका दुई जना, सवारी ज्यान मुद्दाका एक जना तथा चोरी मुद्दाका तीन जना रहेका छन् ।

अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएको टोलीले उनीहरूको खोजी गरेको थियो ।

खोजतलास तथा आवश्यक समन्वयपछि उनीहरूलाई पक्राउ गरी कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ ।

प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार लागूऔषध मुद्दामा सजाय पाएका दुई जनालाई जनही २ महिना कैद र २ हजार रुपैयाँ जरिवाना तोकिएको थियो । त्यस्तै, सवारी ज्यान मुद्दामा एक जनालाई ९ महिना कैद र

बाँकी पृष्ठ ३ मा

# यस्तो घटना कमै हुन्छ : तीन ब्लकबस्टर फिल्मका सिक्वलको भिडन्त

यसपालि दशैंमा नेपाली फिल्म क्षेत्रले सम्भवत: पहिलो पटक एकदमै दुलर्भ घटना देख्न पाउने भएको छ । त्यो हो- तीन ब्लकबस्टर फिल्मका सिक्वेलको बक्स अफिस प्रतिस्पर्धा ।

एकै नायकका दुई फिल्मले बक्स अफिस भिडन्त गरेको पनि देखिएकै हो । दुई स्टार हिरोका फिल्मले बक्स अफिस भिडन्त गर्नु अब नौलो रहने । अझ, अहिलका उम्दा दुई हिरोहरू अनमोल केसी र प्रदीप खड्काका फिल्मले पनि बक्स अफिस भिडन्त गरेको कुरा ताजै छ । तर, ब्लकबस्टर फिल्मका सिक्वेलले यसरी भिडन्त गरेको देखिएको थिएन ।

दशैंको लामो बिदाको प्राइम डेटको लोभले यी तीन फिल्म बक्स अफिस प्रतिस्पर्धामा होमिएका हुन् ।

ब्रान्ड भ्यालुका कारण सिक्वलेको व्यापार राम्रो हुने सम्भावना र हन्छ । यो अवस्थामा मेकरहरू उपयुक्त मिति खोजेर बढी व्यापार गर्ने रणनीतिमा हुन्छन् । तर 'दशैंमा जस्तो फिल्म पनि चल्छ' भन्ने भाष्यले बढवा पाइरहेको अवस्थामा तीन सिक्वेल नै प्रतिस्पर्धामा होमिएका छन् ।

जे होस्- यो रोचक भिडन्तको अनुभव लिन पाइने भएको छ । फेस्टिभ मुडमा रहेका दर्शकले हलमा तीन विकल्प पनि पाउने भएका छन् ।

### यी फेसको भिडन्त

दशैंमा सबैभन्दा बढी बिकेको अनुहार कलाकार दीपकराज गिरी कै हो । उनी र उनको समूहले बनाएको प्राय: सबै फिल्म दशैंमा प्रदर्शन हुन्छन् । यो वर्ष पनि उनी दशैंमै आउने भएका हुन् ।

गत वर्ष उनको फिल्म प्रदर्शनमा आएन । उक्त वर्षको दशैंको व्यापार पनि चौपट भयो ।

विराज भट्टका छोरा समीरको डेब्यू फिल्म ०८१ दशैंमा प्रदर्शनमा आएको थियो । ०८२ को दशैंमा उनको फिल्म 'बलिदान' आयो । अहिले पनि उनको फिल्म दशैंमा नै आउने भएको छ । समीर वर्षमा एक फिल्म गर्छन् । उनको फिल्म दशैं लक्षित गररै प्रदर्शनमा आउने गर्छ ।




व्यक्तिगत लफडापछि नायक पल शाह अहिले कमब्याकको अवस्थामा छन् । उनी करिअरकै सबैभन्दा हिट फिल्म दिएको र पतापमा छन् । त्यो हिट फिल्म हो- आबाट आमा ।

दीपकराज, पल र समीर जस्ता तीनअनुहार बीच बक्स अफिसमा भिडन्त भएको हुन लागेको हो ।

### कुन फिल्मको व्यापार कति ?

दशैं लक्षित गरी प्रदर्शनमा आउन लागेका तीन फिल्मका अघिल्लो भाग चलचित्र विकास बोर्डले सार्वजनिक गरेको ब्लकबस्टर सूचीमा समावेश छन्।

जसमध्ये विराज भट्टको निर्देशनमा बनेको '१२ गाउँ' सबैभन्दा बढी व्यापार गर्ने चौथो नेपाली फिल्म हो । यो विराजका छोरा समीरको डेब्यू फिल्मसमेत हो ।

यही फिल्मको सफलताले समीरलाई राइजिङ स्टारका रुपमा उभ्याएको हो । यो फिल्म ०८१ सालको दशैंमा प्रदर्शनमा आएको थियो । त्यसको दुई वर्षपछि सिक्वेल '१२ गाउँ २' आएको हो । '१२ गाउँ'को व्यापार १९ करोड ९२ लाख छ ।

त्यस्तै, नायक पल शाहको करिअरकै सबैभन्दा हिट फिल्म 'आबाट आमा'को सिक्वेल 'आबाट आमा २' पनि फूलपातीबाटै प्रदर्शनमा आउने भएको छ । यस फिल्मको हिरोइन मलिका हुन् । यो म्युजिक भिडियोको चर्चित जोडी पहिलो पटक फिल्ममा स्क्रिन सेयर गरेको हो ।

गत वर्ष प्रदर्शनमा आएको 'आबाट आमा'ले १३ करोड २० लाख ग्रस कलेक्सन गरेको थियो ।

दीपक-दीपाको टिमको हिट फिल्म 'छ माया छपक्कै'को सिक्वेल 'छ माया छपक्कै २' फूलपातीको भोलिपल्टबाट प्रदर्शनमा आउँदैछ । यो फिल्ममा दीपकराज गिरीसहित दुई नायिका केकी अधिकारी र सनिशा भट्टराई शीर्ष भूमिकामा छन् ।

'छ माया छपक्कै'ले बक्स अफिसमा ९ करोड ९२ लाख ग्रस कलेक्सन गरेको थियो ।

-खबरदर्पण

# सरकारी अस्पतालमा रेबिजविरुद्धको खोप..................

खोप लगाउन आउने बिरामीको सङ्ख्या बढ्दै गएको छ । प्रदेश स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्र, जनकपुरले मागअनुसारको आपूर्ति नगर्दा भदौदेखि नै खोप सकिएको अस्पतालले जनाएको छ ।

अस्पतालको खोप शाखाका प्रमुख अर्जुन साहका अनुसार बर्दिबास अस्पतालमा रेबिजविरुद्धको खोप लगाउन वर्षमा करिब तीन हजार बिरामी आउने गर्छन् । एक जना बिरामीलाई सामान्यतया तीन डोज आवश्यक पर्ने भएकाले मागअनुसार खोप उपलब्ध नहुँदा समस्या भएको उहाँले बताउनुभयो ।

खोपको चरम अभाव भएपछि बर्दिबास नगरपालिकाले अस्पताललाई १०० भाइल एआर भी सहयोग गरेको थियो । बिरामीको बढ्दो चापका कारण उक्त खोप पनि केही दिनमै सकिएको साहले बताउनुभयो ।

चालु आर्थिक वर्ष २०८३/८४ को साउन र भदौमा मात्रै बर्दिबास अस्पतालमा कुकुर, स्याल, बिरालो र बाँदरले टोकेका ३५३ जना बिरामी उपचारका लागि आएका थिए । उनीहरूका लागि ५३० डोज एआरभी आवश्यक थियो । तर, स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्रले दुई महिनामा जम्मा २४० भाइल एआरभी उपलब्ध गराएको थियो ।

साहले भन्नुभयो, “साउन र भदौमा आएका बिरामी धान्नका लागि नै ११३ भाइल औषधि कम भयो । असोज ९ गतेसम्म रेबिजविरुद्धको सुई लगाउने ४० जना पुगिसकेका छन् । थप औषधि आएको छैन । यसले बिरामीलाई समस्या परेको छ ।”

बर्दिबास अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रितेश घिमिरेले रेबिज प्राणघातक रोग भएकाले जोखिममा परेका व्यक्तिले सकेसम्म छिटो खोप लगाउनुपर्ने बताउनुभयो ।

डा. घिमिरेले भन्नुभयो, “रेबिजबाट बचाउने एआरभी एक मात्र उपाय हो । खोप लगाउन ढिलो गर्दा रेबिजको सङ्क्रमण केन्द्रीय स्नायु प्रणालीमा फैलियो भने यसको कुनै उपचार छैन । यस्तो अवस्थामा खोप अभाव हुनु दुर्भाग्यपूर्ण हो ।”

मधेश प्रदेशका स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादवका अनुसार महोत्तरीमा मात्र नभई प्रदेशभर नै रेबिजविरुद्धको खोप अभाव छ । उहाँका अनुसार मधेस प्रदेशमा वार्षिक ५० हजारभन्दा बढी एआर भी खोप आवश्यक पर्छ । तर, टेकुस्थित इपिडिमियोलोजी तथा रोग नियन्त्रण शाखाबाट बढीमा १५ देखि २० हजार डोज मात्र आपूर्ति हुने गरेको उहाँको भनाइ छ ।

“हामीले आपूर्ति बढाउन टेकुलाई आग्रह गर्दै आएका छौं,” स्वास्थ्य सचिव यादवले भन्नुभयो, “अर्कोतिर जनस्वास्थ्यलाई दृष्टिगत गर्दै मधेस सरकारले चालु आवमा खोप खरिदका लागि एक करोड रुपैयाँ बजेट छुट्याएको छ । ठेक्का प्रक्रियामार्फत रेबिज तथा सर्पदंशको खोपको आपूर्ति सहज बनाउने प्रयास भइरहेको छ ।”

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

## जानकी मन्दिर....

निर्माण शैली, ऐतिहासिक पृष्ठभूमि, धार्मिक परम्परा तथा जनकपुरधामसँग जोडिएको सांस्कृतिक महत्वलाई प्रमाण र तथ्यका आधारमा दस्तावेजीकरण गर्नुपर्नेमा जोड दिइएको थियो ।

जानकी मन्दिर धार्मिक आस्थाको केन्द्र मात्र नभई मिथिला सभ्यता, संस्कृति र परम्परासँग जोडिएको महत्वपूर्ण सम्पदाका रूपमा रहेकाले यसको संरक्षणलाई स्थानीय सीमाभन्दा बाहिर अन्तर्राष्ट्रिय तहमा समेत स्थापित गर्नुपर्ने धारणा छलफलमा राखिएको थियो ।

संरक्षित स्मारक क्षेत्रभित्र हुने निर्माण तथा पुनर्निर्माणका कामलाई समेत व्यवस्थित गर्नुपर्ने आवश्यकता सरोकारवालाले औंल्याएका छन् ।

ऐतिहासिक सम्पदाको मौलिक स्वरूपमा असर पर्ने गरी नयाँ भौतिक संरचना निर्माण गर्न नहुने र विकास निर्माणका गतिविधिलाई सम्पदा संरक्षणसँग जोडेर अघि बढाउनुपर्नेमा छलफलमा जोड दिइएको थियो ।

जानकी मन्दिर वरपर तथा संरक्षित क्षेत्रभित्रका ऐतिहासिक स्थलको मौलिकता जोगाउँदै आवश्यक पूर्वाधार विकास गर्नुपर्ने धारणा सहभागीहरूले राखेका थिए ।

संरक्षित क्षेत्रभित्र रहेका पोखरी, सरोवर, मठमन्दिर तथा अन्य सांस्कृतिक सम्पदाको अवस्था पहिचान गरी संरक्षणको योजना बनाउनुपर्ने आवश्यकता समेत औंल्याइएको छ ।

जानकी मन्दिरलाई विश्व सांस्कृतिक सम्पदा सूचीमा सूचीकृत गराउने पहल अघि बढेसँगै अब यसको ऐतिहासिक तथा सांस्कृतिक महत्वलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रस्तुत गर्ने चुनौतीसमेत देखिएको छ ।

यसका लागि मन्दिर र आसपासका सम्पदाको ऐतिहासिक प्रमाण, वास्तुकला, मौलिकता, संरक्षणको अवस्था, धार्मिक तथा सांस्कृतिक परम्परा र स्थानीय समुदायसँगको सम्बन्धलगायत विषयलाई वैज्ञानिक ढंगले अभिलेखीकरण गर्नुपर्ने हुन्छ ।

सरोकारवालाका अनुसार प्रारम्भिक प्रतिवेदनमाथि विज्ञ तथा स्थानीय समुदायको सुझाव लिएर त्यसलाई थप परिष्कृत गरिनेछ । त्यसपछि तयार हुने अन्तिम प्रतिवेदनका आधारमा युनेस्कोमा सूचीकृत गराउने प्रक्रिया अघि बढाउने तयारी छ ।

जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने पहलसँगै संरक्षित स्मारक क्षेत्रको निर्णय कार्यान्वयनमा आए जनकपुरधामका ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षणका लागि दीर्घकालीन आधार तयार हुने विश्वास गरिएको छ ।

## काँग्रेसको १५औं ....

प्रसाद साह र अली हुसेन चयन हुनुभएको जनाइएको छ ।

युवा खुला सदस्यमा राहुल कुमार साह, रंजित यादव र पुनिता कुमारी यादव, महिला दलित सदस्यमा दौलतिया देवी महरा तथा दलित खुला सदस्यमा जोगिन्द्र दास तत्मा चयन हुनुभएको छ ।

सभापतिमा सर्वसम्मत चयन भएपछि रामपुकार महतोले आफूलाई जिम्मेवारी दिएकोमा पार्टीका नेता तथा कार्यकर्ताप्रति आभार व्यक्त गर्दै सबै पक्षलाई समेटेर नगर संगठनलाई वडा तथा टोल तहसम्म थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । पार्टीभित्र एकता, सहकार्य र समन्वयलाई प्राथमिकता दिँदै संगठनात्मक गतिविधिलाई प्रभावकारी रूपमा अघि बढाउने उहाँले बताउनुभयो ।

अधिवेशनका प्रमुख अतिथि नेपाली काँग्रेसका नेता धनुषा जिल्ला सभापति योगेन्द्र पजियार ले पार्टी संगठनलाई वडा तहदेखि नै व्यवस्थित र सक्रिय बनाउनुपर्ने बताउनुभयो । नेता तथा कार्यकर्ताबीच आपसी समन्वय र सहकार्य कायम गर्दै संगठनलाई जनतासँग जोड्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

## भारतीय पर्यटकलाई ...

भारतको राजस्थानस्थित अजमेर बाट आउनुभएकी स्नेहलता चौधरीले आफूहरू जनकपुरस्थित जानकी मन्दिर र काठमाडौंको पशुपतिनाथको दर्शन गर्न आएको बताउनुभयो। पहिलोपटक नेपाल आएको बताउँदै उहाँले प्रवेशविन्दुमै मिठाई खुवाएर स्वागत गरेकोमा खुसी व्यक्त गर्दै सम्पूर्ण नेपालीलाई धन्यवाद दिनुभयो। उहाँले भन्नुभयो, “हामी नेपालमा आएको बाढीका कारण डराउँदै-डराउँदै आएका थियौं। तर प्रवेशविन्दुमै यसरी स्वागत पाएपछि हाम्रो गन्तव्य सहज हुने विश्वास बढेको छ।”

पर्यटकलाई स्वागत गर्न सीमानाकामा जलेश्वर नगर पालिकाका नगरप्रमुख सुरेश साह सोनारसहित सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेल, सुरक्षा निकायका प्रमुख, होटल तथा पर्यटन व्यवसायी संघका पदाधिकारी र स्थानीयवासीको उपस्थिति थियो।

## फरार रहेका ६ जना ............

२ हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

चोरी मुद्दामा पक्राउ परेका तीन जनामध्ये एक जनालाई ५ महिना ८ दिन कैद र ६ हजार रुपैयाँ जरिवाना, अर्का एक जनालाई २ महिना कैद र ७ हजार रुपैयाँ जरिवाना तथा तेस्रो व्यक्तिलाई ४ महिना २० दिन कैद र ५ हजार रुपैयाँ जरिवाना तोकिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीका अनुसार अदालतबाट सजाय तोकिएपछि वार दातपश्चात फरार रहेका उनीहरूलाई विभिन्न स्थानबाट खोजी गरी पक्राउ गरिएको हो। पक्राउ परेका सबैलाई फैसला कार्यान्वयनका लागि धनुषा जिल्ला अदालतमा पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।

प्रहरीले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएर फरार रहेका अन्य प्रतिवादीहरूको समेत खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ । अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी तीव्र पारिएको प्रहरीको भनाइ छ ।

## आलोचना बढेपछि विलासी सवारी खरिद ......

प्रश्नमा मन्त्री थापाले विगतमा पनि यही मन्त्रालयमार्फत खरिद हुने गरेकाले यस पटक पनि प्रक्रिया अघि बढाइएको बताइन् ।

मधेस प्रदेशको बजेट कार्यान्वयनसम्बन्धी निर्देशिकामार्फत अर्थ मन्त्रालयले यस वर्ष विभिन्न ४४ शीर्षकमा २० देखि ७५ प्रतिशतसम्म खर्च कटौती गरेको छ । सवारीसाधन तथा मेसिनरी औजार खरिद वा भाडामा लिने खर्चमा शतप्रतिशत रोक लगाइएको छ ।

त्यसैगरी भत्ता, सञ्चार शुल्क तथा विशिष्ट व्यक्ति र प्रतिनिधिमण्डलको भ्रमण खर्चमा २० प्रतिशत, तालिम-गोष्ठी, सशर्त अनुदान, वन-वातावरण संरक्षण र भैपरी आउने खर्चमा ५० प्रतिशत तथा पुँजीगत अनुसन्धान र परामर्श खर्चमा ७५ प्रतिशत कटौती गरिएको छ । तर, खर्च नियन्त्रणको यही नीतिका बाबजुद भीभीआईपीका नाममा साढे ३ करोडको गाडी किन्ने प्रक्रिया अघि बढाइएको थियो ।

बजेट खर्चसम्बन्धी निर्देशिकामा मुख्यमन्त्रीका लागिसमेत बढीमा करिब डेढ करोड रुपैयाँसम्मको मात्र गाडी खरिद गर्न सकिने व्यवस्था छ । तर, त्यसविपरीत ३ करोड ५० लाखको विलासी गाडी खरिद गर्न खोजिएपछि यो विषय थप पेचिलो बनेको थियो । आम्दानीको स्रोत सीमित भएको र प्रदेश सरकार आफैंले विभिन्न विकास तथा प्रशासनिक बजेट रोक्का राखेको अवस्थामा भीभीआईपीका नाममा गरिएको यस्तो खरिद प्रयासको प्रदेश सांसद तथा स्थानीयले चर्को विरोध गर्दै आएका थिए ।



# काँग्रेसको १५औं महाधिवेशनबाट क्षीरेश्वरनाथ नगर कार्यसमिति सर्वसम्मतले चयन



**खबर दर्पण समाचारदाता**
**असोज १४ गते, बर्दिवास**

नेपाली काँग्रेसको १५औं महाधिवेशनअन्तर्गत धनुषाको क्षीरेश्वरनाथ नगर कार्यसमितिको सभापतिमा राम पुकार महतो सर्वसम्मत चयन हुनुभएको छ ।

नगर कार्यसमिति गठनका लागि भएको छलफलबाट महतोलाई सभापतिमा सर्वसम्मत चयन गरिएको हो ।

नगर कार्यसमितिको सभापतिसहित अधिकांश पदाधिकारी तथा सदस्य पनि सर्वसम्मत चयन भएका छन् । चयन भएको समितिमा पुरुष उपसभापति पदमा अजयकुमार साह, नगर उपसभापति ( महिला) मा टीका कार्की, सचिवमा सुनिल कुमार यादव र सहसचिवमा खगेन्द्र प्रसाद पहाडी चयन हुनुभएको छ । महिला सदस्यतर्फ वडा नं. १ देखि १० सम्म क्रमशः रिणा देवी भण्डारी, तुला देवी मुसहर , शिवसती देवी सदा, बिनिता देवी मण्डल, लक्ष्मी काफ्ले, आरती देवी पासवान, मन्जु देवी महरा, शान्ति देवी, ललिता देवी महतो चयन हुनुभएको छ । खुला सदस्य तर्फ वडा नं. १ देखि १० सम्म क्रमशः सुजित कुमार यादव, नरेश यादव, बुधेश्वर यादव, दसैं यादव, उमेश महतो, सुदामा देवी ठाकुर दनुवार, सुरिन्दर ठाकुर हजाम, सूर्य नारायण सिंह, विनोद

बाँकी पृष्ठ ३ मा

## सरकारी अस्पतालमा रेबिजविरुद्धको खोप अभाव, बिरामीलाई सास्ती

**खबर दर्पण समाचारदाता**
**असोज १४ गते, बर्दिवास**

सरकारी अस्पतालमा रेबिजविरुद्ध दिइने एन्टी रेबिज भ्याक्सिन (एआरभी) को अभाव हुँदा बिरामी समस्यामा परेका छन् । स्याल तथा कुकुरको टोकाइका घटना बढ्दै गए पनि अस्पतालमा रेबिजविरुद्धको खोप अभाव हुँदा पीडितहरू निजी स्वास्थ्य संस्थामा महँगो शुल्क तिरेर उपचार गराउन बाध्य भएका छन् ।

नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिज उन्मूलन गर्ने लक्ष्य लिएको छ । तर, सरकारी स्वास्थ्य संस्थामै एआरभी खोपको अभाव हुँदा विशेषगरी आर्थिक रूपमा कमजोर बिरामीलाई थप आर्थिक भार परेको छ ।

गत साता बिहान बजारबाट दूध किनेर घर फर्कँदै गरेका बर्दिबास नगरपालिका-२ का ७२ वर्षीय नीलप्रसाद गौतमलाई बर्दिबास-जलेश्वर सडकखण्डमा सेतो रङको भुस्याहा कुकुरले दाहिने खुट्टामा टोक्यो । केही बेरमै बर्दिबास कबाट बिस्कुट किनेर फर्किरहेकी वडा नं। १ की बालिका विनिता श्रेष्ठलाई पनि सोही कुकुरले टोकेको थियो । स्थानीयका अनुसार यसबिच सोही कुकुरले दर्जनभन्दा बढीलाई टोकेको छ । कुकुर अझै नियन्त्रणमा नआएकाले पीडितको सङ्ख्या थप बढ्न सक्ने स्थानीयको भनाइ छ । घटनापछि बर्दिबास अस्पताल पुग्नुभएका गौतमले त्यहाँ एआरभी खोप नपाएपछि निजी स्वास्थ्य संस्था शुभ स्वस्तिक अस्पतालमा शुल्क तिरेर खोप लगाएको बताउनुभयो । उहाँजस्तै बर्दिबास क्षेत्रका ५० जनाभन्दा बढी कुकुरको टोकाइका पीडित अहिले निजी स्वास्थ्य संस्था तथा क्लिनिकमा चर्को शुल्क तिरेर खोप लगाउन बाध्य भएका छन् ।

बर्दिबास अस्पतालको अभिलेखअनुसार रेबिजविरुद्धको

बाँकी पृष्ठ ३ मा

## भारतीय पर्यटकलाई भिठामोड नाकामा स्वागत

**खबर दर्पण समाचारदाता**
**असोज १४ गते, बर्दिवास**



होटल तथा पर्यटन व्यवसायी संघ जलेश्वर, महोत्तरीले विश्व पर्यटन दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत बुधबार मुख्य सीमानााका भिठामोड पुगेर भारतीय पर्यटकलाई स्वागत तथा बिदाइ गरेको छ।

बुधबार बिहानै सीमानााका पुगेका महोत्तरीका होटल तथा पर्यटन व्यवसायीले जलेश्वर नगरपालिका-३ स्थित भिठामोड नाकाबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई खादा तथा अबिर लगाएर स्वागत गरेका थिए। नेपालको भ्रमण सकेर भारत फर्किने पर्यटकलाई पनि खादा तथा अबिर लगाएर बिदाइ गरिएको थियो।

होटल तथा पर्यटन व्यवसायी संघ जलेश्वरका अध्यक्ष सरोज चौधरीले विश्व पर्यटन दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रमअन्तर्गत पर्यटकलाई स्वागत तथा बिदाइ कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँले यस कार्यक्रमले नेपाल भ्रमणमा आउने पर्यटकलाई सकारात्मक सन्देश दिने बताउनुभयो।

नेपालमा भदौ १० गते आएको विनाशकारी बाढीपछि पर्यटकको सङ्ख्यामा उल्लेख्य कमी आएको बताउँदै उहाँले पर्यटकलाई सकारात्मक सन्देश दिन कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, “नेपालमा मात्रै नभई महोत्तरी र जनकपुरमा पनि पर्यटनको राम्रो सम्भावना रहेको देखाउन यो कार्यक्रम आयोजना गरिएको हो।”

होटल तथा पर्यटन व्यवसायी संघ मधेश प्रदेशका महासचिव दीपेन्द्र पराजुलीले भारतीय पर्यटक धार्मिक पर्यटनका लागि बढी आउने गरेको बताउँदै महोत्तरीको मुख्य सीमानााका भिठामोडमा उनीहरूलाई स्वागत तथा बिदाइ गरिएको बताउनुभयो।

उहाँले सप्ताहव्यापी कार्यक्रमअन्तर्गत बुधबार जलेश्वरमा अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिने बताउँदै मधेशमा पर्यटनको प्रशस्त सम्भावना रहेको र त्यसको प्रचारप्रसारका लागि यस्ता कार्यक्रम आवश्यक रहेको बताउनुभयो।

सीमानााकामा भारतको छत्तिसगढ, राजस्थानको अजमेर लगायत स्थानबाट जनकपुर तथा पशुपतिनाथको दर्शनका लागि आएका पर्यटकले नेपालको प्रवेशविन्दुमै स्वागत पाएपछि खुसी व्यक्त गरेका थिए।

बाँकी पृष्ठ ३ मा




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,